REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 HRS 16/10/2025

## केन्द्र सरकार

केन्द्र सरकारको उपभोक्ता मामिला राज्यमन्त्री निमुबेन जयन्तीभाई बमभानियाले आज पाकिम जिल्लाको विभिन्न स्थानमा भ्रमण गरी केन्द्र सरकारद्वारा सञ्चालित परियोजनाहरूको स्थिति जाँच गर्नुभयो। उहाँसँग पाकिम जिल्लाका जिल्लापाल रोहन रामेश आगवाने र सम्बन्धित अधिकारीहरूको पनि उपस्थिति रहेको थियो। उहाँले सबैभन्दा पहिला निर्माणाधीन रानीपुल-पाकिम राष्ट्रिय राजमार्ग 717-A को अवलोकन गर्नुभयो र उक्त सडक छिटो सम्पन्न गर्नुपर्ने बताउनुभयो । त्यसपछि उहाँले सरकारी प्राथमिक विद्यालय पाचे समसिङ र मोडल आइसीडीएस पाकिमको भ्रमण गरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, आँगनबाडी कार्यकर्ता र बालबालिकासँग अन्तरक्रिया गर्नुभयो। यसरी नै उहाँले पाकिम जिल्लामा केन्द्र सरकारद्वारा सञ्चालित विभिन्न परियोजनाहरू जस्तै, प्रधानमन्त्री आवास योजना, जल जीवन मिशन, प्रधानमन्त्री कृषि सिँचाइ योजना, हस्तकलाको तालिम केन्द्र आदिको अवलोकन गर्नुभयो र संस्कृती स्वयं सहायता समूहका महिलाहरूसँग अन्तरक्रिया पनि गर्नुभयो। उहाँले पाकिम जिल्लापालको कार्यालयमा बैठक गरी, पूर्वाधार परियोजनाको स्थिति जाँच गर्ने पनि कार्यक्रम तय गर्नु भएको छ।

## एकता मार्च

भारतका पहिलो गृहमन्त्री तथा लोहा पुरुष मानिने सरदार बल्लभ भाइ पटेलको 150औँ जन्मजयन्तीको अवसरमा राष्ट्रव्यापीरूपमा 'एकता मार्च' आयोजन गरिने भएको छ।

यस अवसरमा आयोजना गरिने विभिन्न कार्यक्रमलाई लिएर आयोजित पत्रकार सम्मेलनमा सिक्किम सरकारको खेल तथा युवा मामिला विभागका मन्त्री राजु बस्नेतले सबैलाई सहभागी बनिदिन आग्रह गर्नुभएको छ।

दुई महिनासम्म चल्ने यो अभियानको उद्देश्य युवामा एकता, देशभक्ति र नागरिक जिम्मेवारीको भावना जगाउँदै भारतलाई एकजुट गर्ने लौहपुरुष सरदार वल्लभभाई पटेलको 150औं जन्मजयन्तीको अवसरमा उहाको योगदानलाई सम्मान जनाउनु हो।

अभियान अन्तर्गत देशभर डिजिटल प्रतियोगिता, जिल्ला र राष्ट्रिय स्तरका पदयात्रा तथा सामाजिक विकास गतिविधिहरू सञ्चालन गरिनेछन्।

## EPFO

कर्मचारी भविष्य निधि संगठन (EPFO) सिकिक्मका क्षेत्रीय आयुक्त केसाङ तेनजिङले आज एक पत्रकार सम्मेलनको आयोजना गर्दै हालका सुधार र प्रावधानसम्बन्धी फैलिएका भ्रमपूर्ण जानकारीबारे स्पष्टिकरण दिनुभयो। साथै उहाँले गान्तोकस्थित ईपीएफ कार्यालयमा सुरु हुन लागेको साप्ताहिक पहल 'समाधान' कार्यक्रमको पनि घोषणा गर्नुभयो।

आयुक्त तेनजिङका अनुसार यो नयाँ पहल अन्तर्गत अक्टोबर 22 देखि हरेक बुधबार बिहान 11 बजेपछि लाभाआर्थी हरूले आफ्ना दीर्घकालीन गुनासोहरू समाधानका लागि प्रत्यक्ष रूपमा क्षेत्रीय भविष्य निधि आयुक्तसँग भेट गर्न सक्नेछन्।

## COTPA

पाकीम जिल्लाको स्वास्थ्य तथा परिवार कल्याण विभागले सिगरेट तथा अन्य सुर्तीजन्य पदार्थ (प्रतिबन्ध तथा नियन्त्रण) ऐन, 2003 (COTPA) अन्तर्गत पहिलो चरणको अनुगमन तथा कारबाही अभियान सफलतापूर्वक सम्पन्न गरेको छ। यो अभियान रोंगली sub-division अन्तर्गत रोंगली बजार र वरपरका क्षेत्रहरूमा, साथै रोंगली सरकारी विद्यालय परिसरमा सञ्चालन गरिएको थियो। अभियानको उद्देश्य सुर्तीजन्य पदार्थको प्रयोग र बिक्रीमा कानुनी अनुपालन सुनिश्चित गर्नुका साथै धूम्रपानमुक्त वातावरण प्रवर्द्धन गर्नु रहेको थियो।

अनुगमन टोलीको नेतृत्व स्वास्थ्य तथा परिवार कल्याण विभाग, पाकीम जिल्लाले गरेको थियो। अभियानमा रोंगलीका एसडीएम एस. के. प्रधान, राष्ट्रिय तम्बाकु नियन्त्रण कार्यक्रम अन्तर्गत पाकीम जिल्लाकी तम्बाकु नियन्त्रण कोषकी कार्यक्रम संयोजक, डा. दिक्क्षा श्री राई, लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो।

टोलीले खुला सिगरेट बिक्रीमा रोक, त्यसका पर्यावरणीय असरहरू, र सबै सार्वजनिक तथा व्यावसायिक स्थलहरूमा 'धूम्रपान निषेध' सूचक बोर्ड अनिवार्य रूपमा टाँस्नुपर्ने कानूनी प्रावधानबारे जानकारी गराएको थियो। अभियानका क्रममा कानुन उल्लङ्घन गर्नेहरूमाथि कारबाही गर्दै जरिवाना संकलन पनि गरिएको छ। साथै, विभिन्न पसलहरूबाट अवैध सुर्तीजन्य वस्तुहरू बरामद गरिएको थियो।